## राष्ट्रिय मानव अधिकार आयोगको मिति २०७९/९/१९ मा भएको निर्णय

उजूरी नं. ४०४२/गौर घटना

१. रौतहट जिल्लाको गौरमा मिति २०६३/१२/७ गते २७ जना व्यक्तिहरूको हत्या भएको घटनासँग सम्बन्धित प्रस्तुत उजूरी, उजूरी संलग्न प्रमाण कागजात, आयोगको अनुसन्धान प्रतिवेदन र नेपाल सरकारबाट गठित गौर घटना जाँचबुझ आयोगको प्रतिवेदन २०६४ समेतको अध्ययन गरियो । घटनाको छानबिन गर्न आयोग स्वयमलेउजूरी ग्रहणगरी घटना भएको एकदिन पछि नै पाँच सदस्यीय अनुसन्धान टोली खटाई सो टोलीले मिति २०६३/१२/२८ गते पेश गरेको प्रतिवेदन र प्रतिवेदन बमोजिम आयोगबाट मिति २०६४ १ १३ गते नेपाल सरकार, मधेशी जनअधिकार फोरम र नेकपा माओवादीलाई दिईएको सुझावको समेत अध्ययन गरियो । तर त्यसउपर कुनै कारवाही भएको जानकारी मिसल अध्ययनबाट पाइएन । प्रतिवेदनले विस्तृत शान्ति सम्झौता सम्पन्न भएपछि तत्कालीन नेकपा (माओवादी) र तत्कालीन मधेशी जनअधिकार फोरम बीच देशका विभिन्न भागहरूमा झडप हुने क्रमको निरन्तरतामा माथि उल्लिखित घटना भएको र घटनामा २७ जनाको मृत्युर ११५ जना घाइते भएको समेत देखियो । उजूरी मिसिल र प्रतिवेदनहरूको अध्ययनबाट घटना हुनु पछाडी मुख्य रुपमा तल उल्लेख गरिएका चारवटा कारण रहेको देखियो :

- तत्कालीन नेकपा (माओवादी) प्रति मधेशी जनअधिकार फोरम र तत्कालीन मधेशी जनअधिकार फोरमप्रति नेकपा (माओवादी) को प्रतिशोधयुक्त व्यवहारको कारण मिति २०६३ साल माघ १७ गते गौरमा नेकपा माओवादीबाट मधेशी जनअधिकार फोरम समर्थित नेता तथा कार्यकर्तामाथि भएको कुटपीट लाठी प्रहार (ज्यादति) विरुद्धको प्रतिशोधी भावना ।
- मधेशी जनअधिकार फोरमले मिति २०६३ १२ ७ गते कार्यक्रम गर्ने भनी कार्यक्रम स्थल तय गरी १०/१२ दिन अघिदेखि प्रचार-प्रसार गरिरहेको अवस्थामा कार्यक्रम हुनुभन्दा दुइ दिन अघिमात्र तत्कालीन नेकपा (माओवादी)को भातृसंगठन मधेशी मुक्ति मोर्चाले फोरमले कार्यक्रम गर्न तय गरेको स्थान गौर राइस मिलको चौरलाई नै छनौट गरी भिडन्तको अवस्था सिर्जना गर्नु ।
- एकै स्थान र समयमा कार्यक्रम नगर्नकालागि स्थानीय वाणिज्य संघले गरेको पहलमा भएको बैठकमा नेकपा माओवादी अनुपस्थित रहनु र यस सम्बन्धमा दुवै पक्षलाई स्थानीय प्रशासनले मौखिक रुपमा गरेको आग्रहको दुवै पक्षबाटवेवास्ता हुनु ।
- जिल्ला सुरक्षा समितिले थप सुरक्षाकर्मी माग गर्ने भनी मिति २०६३/१२/६ गते गरेको निर्णय बमोजिम थप सुरक्षाकर्मी पठाउने कार्यमा सम्बन्धित तालुक कार्यालयबाट वेवास्ता हुनु ।

२. माथि उल्लिखित कारणको समयमा नै सम्वोधन हुन नसक्दा दुई पक्षबीच रहेको राजनैतिक टकराव र प्रतिक्रिया स्वरुप प्रतिशोधी भावना हिंसामा परिणत भई तत्कालीन मधेशी जनअधिकार फोरम तर्फका व्यक्तिहरूको योजनाबद्ध र नियमित आक्रमणबाट निम्न बमोजिमका २७ जना माओवादी कार्यकर्ताहरूकोक्रुर, अमानवीय तथा अपमानजनक तरिकाबाट हत्या र ११५ जना व्यक्तिहरू घाइते भएको देखिन्छ ।

राष्ट्रिय मानव अधिकार आयोग नेपाल

## (क) घटनामा मृत्यु भएका व्यक्तिहरुको विवरण

| क्र.सं. | नाम | ठेगाना |
|---|---|---|
| १ | प्रतिमा खातुन भन्ने नुरजंहा खातुन | जिगडुवा रौतहट |
| २ | उषा थापा | निजगढ-३, बारा |
| ३ | चुनु ठाकुर | ब्रम्हपुरी, रौतहट |
| ४ | छोटु भन्ने राजु पटेल | गरुडा-९, रौतहट |
| ५ | सरस्वती उप्रेती | चन्द्रनिगाहपुर, रौतहट |
| ६ | प्रमोद भन्ने रामशरण यादव | रौतहट |
| ७ | नर्वदेश्वर उपाध्याय | शहरमजुवा-६, रौतहट |
| ८ | संयोग भन्ने छते बाइवा | पदमपोखरी-३, मकवानपुर |
| ९ | नारायण दाहाल | पदमपोखरी-१, मकवानपुर |
| १० | आदेश भन्ने राजन पोखरेल | हेटौडा-७, मकवानपुर |
| ११ | रोहन भन्ने रोहीन पाखीन | रातामाटे-२, मकवानपुर |
| १२ | परिवर्तन भन्ने रत्न बोगटी | बाजुरा |
| १३ | अर्जुन भन्ने विविन्द्र मगराती | पृथ्वीनारायण नपा ८, गोरखा |
| १४ | संयोग भन्ने जितेन्द्र थापामगर | हापुरे-१, दाङ |
| १५ | कुमार भन्ने कुमार तौलाङ्गे | सितलपाटी-८, सिन्धुली |
| १६ | रमाकान्त जयसवाल भन्ने रमाकान्त चौधरी | पौठीयाइ, रौतहट |
| १७ | राकेश भन्ने उज्जवल दाहाल | पदमपोखरी-१,मकवानपुर |
| १८ | सन्देश भन्ने दिपक पाण्डे | जुडिबेला, रौतहट |
| १९ | प्रभा भन्ने उर्मिला लो | वर्षामादी-१, मकवानपुर |
| २० | मुनाल वि.क. | छतिवन-१, मकवानपुर |
| २१ | आदेश भन्ने पूर्ण जोशी | निर्मलवस्ती-६, पर्सा |
| २२ | श्याम भन्ने हस्तबहादुर श्रेष्ठ | सिमरा-३, बारा |
| २३ | पलपल भन्ने रामकाजी कार्की | निजगढ-८, बारा |
| २४ | धमेन्द्र भन्ने महेन्द्र साह | टेडाकटी-६, बारा |
| २५ | रामविश्वास राय यादव | ठेगाना नखुलेको |
| २६ | प्रतिमा भन्ने रेखा परियार | जुडिबेला-९, रौतहट |
| २७ | गोविन्द अधिकारी | ठेगाना नखुलेको |

## (ख) घटनामा घाइते भएका व्यक्तिहरुको विवरण

१. रघुनाथ पट्टेल,वर्ष ३६, रौतहट
२. रमेश वि.क. पुरानोबजार, हरिबन सर्लाही
३. रमेश वि.क., सिमरा, बारा
४. रमेश किशोर साह, पौराही-६, रौतहट
५. रमेश कालिकोटे, हरिबन-१, सर्लाही
६. रमेश कालिकोटे, सिमरा-६, बारा
७. रोहित कुशवाहा, कटरिया-८, रौतहट
८. राम सेवा मुखिया, कटरिया-९, रौतहट
९. रामबहादुर तामाङ, कोराक-७ चितवन
१०. राम नारायण राय, ठेगाना नखुलेको
११. रामचन्द्र सहनी, मिठुअवा-८, रौतहट
१२. रामबहादुर लामा, कोराक-४, चितवन
१३. रामलाल कुशवाहा, भसेढवा-६,रौतहट
१४. राजु पटेल, सिरहा
१५. राजु पटेल, सुराही, बारा
१६. राजकिशोर साह, पोठीयाही-६, रौतहट
१७. राजकिशोर कुशवाह, फत्तेपुर, रौतहट
१८. राजेन्द्र राजथला,हेटौंडा-१, मकवानपुर
१९. राजेन्द्र कुशवाह, उचिदह रौतहट

२०. राजेश मुखिया, रौतहट
२१. राकेश मुखिया, कटहरिया-९, रौतहट
२२. रविन्द्र के.सी., पदमपोखरी-४, मकवानपुर
२३. सरोज महतो, भुनसुन्दा-८, रौतहट
२४. सरोज थापा, ढुंसर्लाही
२५. सुरज चौधरी, सप्तरी
२६. सुस्मा वि.क., रुकुम
२७. संघर्ष वि.क., मकवानपुर
२८. सुमन चौधरी, भापा
२९. सुभाष, गैडाटार रौतहट
३०. सन्जु चौधरी, सप्तरी
३१. सन्तोष न्यौपाने, रौतहट
३२. सुजा चौधरी, सप्तरी
३३. सर्वन साह, रोतहट
३४. सर्वोजित बहादुर यादव, रौतहट
३५. सुशील खतिवडा, रौतहट
३६. छोरा अजयकुमार साह, रौतहट
३७. टेबबहादुर बोलखे, काभ्रे
३८. तर्कबहादुर मगर, नवलपरासी
३९. वसन्त थापा, काभ्रे
४०. बालानन्द भ्का, रौतहट
४१. बलराम पौडेल, मकवानपुर
४२. बलराम पौडेल, नुवाकोट
४३. दरोगा साह, रौतहट
४४. दसरथ साह, रौतहट
४५. अर्जुन लामा, , रौतहट
४६. अर्जुन थापा, रौतहट
४७. अर्जुन थापा, काभ्रे
४८. अजय कुमार साह, रौतहट
४९. असिम अन्सारी,
५०. मंजित महतो, रौतहट
५१. मंगलबहादुर जि.सी., रौतहट
५२. मंगल लामा, रौतहट
५३. मंगल लामा, चपुर ३ रौतहट
५४. मनोज लामा, रौतहट
५५. मनोज कुमार यादव, रौतहट
५६. मंजीत , रौतहट
५७. मीना मुखिया, रौतहट
५८. भोला मोहन प्रसाद यादव, रौतहट
५९. भगवान केशरी
६०. नानीबाबु बिशुंखे, सिन्धुली
६१. नवराज तिमिल्सिना, मकवानपुर
६२. नवीन मंसुरी , रौतहट
६३. ज्वाला खतिवडा, रंगपुर, रौतहट
६४. ज्वाला खतिवडा, चन्द्रनिगाहपुर, १ रौतहट
६५. जवाहर यादव, रौतहट
६६. जयराम यादव, रौतहट
६७. बालानन्द भ्का
६८. बीरेन्द्र पट्टेल, रौतहट
६९. प्रसंग, रौतहट
७०. प्रङ्ग थापा, दाङ
७१. प्रकाश लामा, मकवानपुर
७२. पोतेलाल घिसिङ, रौतहट
७३. पुजा कुमारी साह, रौतहट
७४. पुनित ठाकुर, रौतहट
७५. पुनित शर्मा, रौतहट
७६. सियाराम प्रसाद कुशवाह, रौतहट
७७. सियापति माभ्की, रौतहट
७८. दिपक कुमार परियार, सल्यान
७९. दिपक कुमार वि.क., दाङ
८०. मिना मुखिया, रौतहट
८१. भिखारी राय यादव,
८२. निसादेवी कुशवाह, रौतहट
८३. निसेक थापा, सर्लाही
८४. जितेन्द्र सहनी, बारा
८५. वीरबहादुर लामा, मकवानपुर
८६. विराट लामा, गोरखा
८७ विराट तामाङ, चितवन
८८. विमला वि.क., रोल्पा
८९. बिना मंसुरी रौतहट

९०. बिनोद बि.क., मकवानपु
९१. विष्णु प्रसाद गजुरेल, मकवानपुर
९२. विवेक थापा सर्लाही,
९३. विश्वनाथ पट्टेल, रौतहट
९४. किसुन पण्डित, रौतहट
९५. किशोरी साह, रौतहट
९६. किशोरी साह, रौतहट
९७. गिता देवी गिरी, रौतहट
९८. हिमाल सिवाकोटी, दोलखा
९९. थिरबहादुर लामा, मकवानपुर
१००. शिवराम पट्टेल रौतहट
१०१. लालबाबु साह, रौतहट
१०२. लक्ष्मण सहनी, रौतहट
१०३. चन्द्रबहादुर विसुंखे, सिन्धुली
१०४. कृष्णहरी बस्नेत, मकवानपुर
१०५. कुमारी साह, रौतहट
१०६. कविता चौरसीया, रौतहट
१०७. हर्कबहादुर मगर, नवलपरासी
१०८. रोहित कुशवाह, रौतहट
१०९. गिता देवी गिरी, हटियाई, रौतहट
११०. शेख उमर, रौतहट
१११. शम्भु महतो धुनिया
११२. सोभराति मिया, रौतहट
११३. सान्तलाल पासवान, रौतहट
११४. श्याम थापा, मकवानपुर
११५. शत्रुघन शर्मा, पर्सा

३. उल्लिखित घटना हुनुमा तत्कालीन नेकपा माओवादी भातृ संगठन मधेशी मुक्ति मोर्चा र मधेशी जनअधिकार फोरमको तिक्ततापूर्ण र प्रतिशोधी व्यहार जिम्मेवार देखिन्छ । यस्तो व्यवहारको बारेमा दुवै पक्षका नेतृत्व तह पूर्ण रुपमा गम्भीर हुन नसकेको देखियो । घटनामा मधेशी जनअधिकार फोरमका तत्कालीन अध्यक्ष उपेन्द्र यादव र रौतहट जिल्लाका फोरम कार्यकर्ताहरू तथा तत्कालीन नेकपा (माओवादी) भातृसंगठन मधेशी मुक्ति मोर्चाका तत्कालीन महासचिव प्रभु साह एवम् पूर्व जनसरकार प्रमुख विन्देश्वर यादवलाई एकै स्थान र समयमा दुई फरक र तिक्ततापूर्ण व्यवहार भएका दलहरू बीच कार्यक्रम भएमा हिंसा भई धनजनको क्षति हुनसक्ने अनुमान थिएन होला भनी अनुमान गर्न सकिएन । अतः यसमा दुवै दलका नेतृत्वबाट घटनालाई रोक्ने सन्दर्भमा कुनै पहल हुन सकेको देखिएन ।

४. घटनामा फोरमतर्फबाट मधेशी मुक्ति मोर्चाको मञ्च भत्काउने तथा तोडफोड गर्ने कार्य भएपछि त्यसको प्रतिरोधमा पहिलो गोली मधेशी मुक्तिमोर्चाको तर्फबाट चलेको देखियो । जसको प्रतिकारमा फोरम तर्फबाट माओवादीहरूलाई पूर्व तयारी गरी नियोजित रुपमा नियन्त्रणमा लिई वा लिने क्रममा भएका क्रियाकलाप अमानवीय र क्रुर हुन पुगेको देखिन्छ । उदाहरणको लागि लैंङ्गिग संवेदनहीन भई माओवादी महिला कार्यकर्ताको स्तन काटिनु, महिलाका जननेन्द्रियहरूमा लक्षित गरी कुटपिट गरिनु, व्यक्तिहरूको हत्या गर्ने तरिका (Modus Operandi) प्राय एउटै हुनु, अपरिचित व्यक्तिहरूलाई लखेटी लखेटी लाठी, भाटा, रड, भाला जस्ता हतियारले कुटीकुटी वा घोचीघोची मारेको, जलाएको, मारिसकेपछि बौद्धिमाईको मन्दिर वरिपरि मृतकको लाश घुमाई मूर्तिमा रगत चढाएको भनी उल्लेख भएको यस आयोग र गौर घटना जाँचबुझ आयोगको प्रतिवेदन, २०६४ को निष्कर्षबाट घटना पूर्व नियोजित, मनसाययुक्त र क्रुर तरिकाबाट घटाइएको देखियो ।

५. यस्तो क्रुर, अमानवीय, योजनबद्ध र पूर्व नियोजित देखिएको भनी यस आयोग र गौर घटना जाँचबुझ आयोगको प्रतिवेदन २०६४ समेतबाट उजागर भएको यस घटनामा एकातर्फ जिल्ला सुरक्षा समितिको

मिति २०६३/१२/६ गतेको निर्णय बमोजिम नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलको तालुक निकायबाट थप बल पठाउने कार्य भएको देखिएन भने अर्कोतर्फ जिल्लामा रहेका नेपाल प्रहरी र सशस्त्र प्रहरी बलबीचमा समेत प्रभावकारी समन्वय हुन नसकेको दुखद अवस्था देखियो । घटना हुनुभन्दा अघि र घटना भएको दिन समेत अत्यन्त कमजोर रुपमा उपस्थिति जनाएको स्थानीय सुरक्षाकर्मी र प्रशासन (सरकार) ले यस्तो जघन्य र क्रुर, अमानवीय र गम्भीर अपराधका दोषीहरूलाई कानूनी कारवाहीको दायरामा ल्याउन समेत असफल भएको पुष्टि हुन आयो । जिल्ला स्थित तत्कालीन प्रमुख जिल्ला अधिकारी माधवप्रसाद ओझाले घटना हुन नदिन स्थानीय प्रशासन ऐन, २०२८ को प्रयोग गर्ने सन्दर्भमा कुनै पहल गरेको देखिएन भने जिल्ला स्थित राष्ट्रिय अनुसन्धान कार्यालयको भूमिका प्रभावहीन देखियो ।

६. जिल्ला प्रहरी कार्यालय रौतहट, गौरको अपराध दर्ता किताबमा मिति २०६४/१/२८ गते दर्ता नं. ८९ मा दुईवटा किटानी जाहेरी दर्ता भएको भनिएपनि करिब १६ वर्षसम्म यस्तो अमानवीय र सभ्य समाजले कल्पनासम्म गर्न नसक्ने अपराध विरुद्ध वास्तविक रुपमा जाहेरी दर्तागरी अनुसन्धान तथा छानबिन प्रक्रिया अगाडी बढाउन अनुसन्धान तथा अभियोजनको जिम्मेवारीमा रहेको निकाय पूर्णतः उदासीन भएको देखिन्छ । यसलाई प्रहरी प्रधान कार्यालय र महान्यायाधिवक्ता कार्यालयले समेत वेवास्ता गरेको छर्लङ्ग देखियो ।

७. नेपाल सरकार आफैंले तत्कालीन पुनरावेदन अदालत पाटनका माननीय न्यायाधिश हरिप्रसाद घिमिरेको अध्यक्षतामा मिति २०६३/१२/९ गते गठन गरेको गौर घटना जाँचबुझ आयोगले मिति २०६४/३/३० गते नेपाल सरकार समक्ष प्रतिवेदन बुझाउँदै घटना नियोजित, योजनाबद्ध, मनसाययुक्त जघन्य र क्रुर भएको तर मुद्दा चलाउनु पर्ने निकायहरू निष्क्रिय रहेको उल्लेख गर्दै तत्कालीन सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ बमोजिम शीघ्र मुद्दा चलाउन गरेको सिफारिसको समेत कार्यान्वय हुन नसक्नु अर्को दुःखद पक्ष हो । यस्तो अवस्थाले एकातर्फ पीडित तथा मृतक परिवारको न्याय पाउने अधिकार निरन्तर उल्लंघन हुँदै आएको छ भने अर्कोतर्फ सरकारले दण्डहीनतालाई प्रश्रय दिईरहेको देखियो ।

८. पीडित निरन्तर पीडित भईरहने, अनुसन्धान र अभियोजन गर्ने निकाय नेपाल प्रहरी र सरकारी वकील कार्यलय निष्क्रिय रही दण्डहीनताले निरन्तरता पाईरहँदा पनि सरकार आफैंले गठन गरेको आयोगको प्रतिवेदन हालसम्म पनि सार्वजनिक हुन नसक्दा पीडितको न्याय पाउने अधिकार प्रभावित भइरहेको देखिन्छ । एकातर्फ जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक नहुनु र अर्कोतर्फ त्यही आयोगले छानबिन र कारवाहीको लागि जघन्य अपराधको घटनामा संलग्न भनिएका व्यक्तिहरू माथि कानूनी कारवाही हुन नसक्दा दोषीहरूले निर्धक्कताका साथ समाजमा उपस्थिति देखाई रहने अवस्थालाई दण्डहीनताको पराकाष्ठाको रुपमा लिन सकिन्छ । यस्तो अवस्था आउनुमा घटना भएदेखि हालसम्मका जिल्ला प्रहरी कार्यालय, जिल्ला सरकारी वकील कार्यालय तथा उनीहरूको केन्द्रीय नेतृत्व मानव अधिकारप्रति संवेदनशील रहे भएको महशुस गर्नसक्ने अवस्था रहन सकेन ।

९. नेपालले अनुमोदन गरेका मानव अधिकार सम्बन्धी दस्तावेजहरू, नेपालको तत्कालीन अन्तरीम संविधान, २०६३ समेतले सबै नागरिकलाई विचार र अभिव्यक्ति तथा बिना हात हतियार सभा

सम्मेलन गर्ने स्वतन्त्रता प्रदान गरेको भएता पनि नेकपा (माओवादी) भातृ संगठन मधेशी मुक्तिमोर्चा र मधेशी जनअधिकार फोरम दुवैले त्यसको दुरुपयोग गरी हतियारको प्रयोग गरी एकले अर्काको स्वतन्त्रता र अस्तित्वलाई स्वीकार गर्न नसक्दा नै यस्तो जघन्य अपराध हुन गएको देखिँदा यस कार्यमा दुवै दलका जिल्ला स्तरीय नेता र केन्द्रको हकमा तत्कालीन मधेशी जनअधिकार फोरमका अध्यक्ष उपेन्द्र यादव तथा तत्कालीन नेकपा (माओवादी) का अध्यक्ष पुष्प कमल दाहाल प्रचण्ड समेतले आफ्नो मातहतका नेता तथा कार्यकर्ताहरूलाई संयमित बनाउने तथा घटनामा दोषी देखिएका कार्यकर्ताहरूलाई कानूनी दायरामा ल्याउन प्रहरी प्रशासनलाई सहयोग गरेको देखिएन। यस अवस्थाले दुवै दलको नेतृत्व घटनाप्रति गम्भिर भएको अवस्था नदेखिँदा घटनामा तत्कालीन नेकपा (माओवादी) का अध्यक्ष पुष्प कमल दाहाल 'प्रचण्ड', तत्कालीन मधेशी मुक्ति मोर्चाका महासचिव प्रभु साह र पूर्व जनसरकार प्रमुख विन्देश्वर यादव तथा तत्कालीन मधेशी जनअधिकार फोरमका अध्यक्ष उपेन्द्र यादव समेत जिम्मेवार थिएनन् भन्न सकिने अवस्था भएन। साथै घटनामा जिल्ला प्रहरी कार्यालय रौतहटमा दर्ता भएका जाहेरीमा नाम उल्लेख भएका र नेपाल सरकारद्वारा गठित गौर घटना जाँचबुझ आयोगको प्रतिवेदन २०६४ ले दोषी भनी उल्लेख गरेका तपसील बमोजिमका व्यक्तिहरू माथि तहकीकात/छानबिन गरी दोषी देखिएका व्यक्तिहरू उपर मुद्दा चलाउनु पर्ने देखियो।

**तपसील**

**जाहेरी दरखास्तमा नाम उल्लेख भएका व्यक्तिहरू**

१. अजय गुप्ता, गौर नपा वडा नं. ९, रौतहट
२. गौरी शंकर यादव, गौर नपा वडा नं. ९, रौतहट
३. बाबुलाल साह कानू, गौर नपा वडा नं. २, रौतहट
४. ललन सिंह, गौर नपा वडा नं. १३ ,रौतहट
५. चन्द्रिका सिंह, सरुअठा ४, रौतहट
६. बलराम सिंह कुँवर, ब्रम्हपुरी, रौतहट
७. उपेन्द्र यादव, बसनाहा गाविस, सप्तरी
८. राजेन्द्र यादव, ठेगाना नखुलेको
९. संजीव यादव, टेंग्राहा १, रौतहट
१०. रामकलेवर सिंह, गौर नपा ५, रौतहट
११. जगन्नाथ केसरी, गौर नपा वडा नं. ९, रौतहट
१२. संजीव यादव, मुडवलवा २, रौतहट
१३. शम्भु सिंह, गंगापिप्रा २, रौतहट
१४. रामप्रवेश सिंह, गंगापिप्रा २, रौतहट
१५. रुपनारायण चौधरी, हथियाही ७, रौतहट
१६. चुल्हाइ साह, वसतपुर १, रौतहट
१७. देवानन् भन्ने देवनाथ झा, वसतपुर ४,रौतहट
१८. राम आधार साह, वसतपुर १, रौतहट
१९. शिव शंकर सिंह, ब्रम्हपुरी १, रौतहट
२०. जगरनाथ ठाकुर, ब्रम्हपुरी ५, रौतहट
२१. गणेश राय यादव, शितलपुर वैरगनिया, रौतहट
२२. विनोद सिंह, ब्रम्हपुरी १, रौतहट
२३. जयनन्द यादव, दक्षिण भिटकैया, बारा
२४. नन्द किशोर साह, सरमजुवा २, रौतहट
२५. कपिल देव राय यादव, धरहरी, रौतहट

२६. दामोदार प्रीयदर्शी, सोनरीया ४ रौतहट
२७. बबन सिंह, ब्रम्हपुरी १, रौतहट
२८. भुषण सिंह, गौर नपा १३, सिर्सिया, रौतहट
२९. रामप्रसाद लाल, ब्रम्हपुरी २, रौतहट
३०. जितेन्द्र सिंह, ब्रम्हपुरी १, रौतहट
३१. रामेश्वर राय यादव, मुडबलवा २, रौतहट
३२. प्रेमचन्द्र झा, रौतहट
३३. राम अयोध्या महतो चनउ, गौर नपा ६, रौतहट
३४. अवधेश चनउ, गौर ६, रौतहट
३५. राम निवास सिंह, हजमिनिया ८, रौतहट
३६. उमेश तिवारी, हजमिनिया ८, रौतहट
३७. अशोक सिंह, हजमिनिया १, रौतहट
३८. भाग्य नारायण साह, बसतपुर, रौतहट
३९. शंकर सिंह, बसतपुर ८, रौतहट
४०. मुन्ना सिंह, हजमिनिया १, रौतहट
४१. मंगल राउत बरई, बरियारपुर ५, रौतहट
४२. शेख दाउद, कनकपुर, रौतहट
४३. शंकर यादव, माइधिया मानपुर, रौतहट
४४. अरुण सिंह, गौर १३, रौतहट
४५. मुकुट सिंह, हजमिनिया १, रौतहट
४६. विश्वनाथ पट्टेल, जेठरहिया ८, रौतहट
४७. वीरेन्द्र राउत, जेठरहिया ९, रौतहट
४८. जयचन्द्र यादव, टेंग्राहा ४, रौतहट
४९. दिन्ना यादव, टेंग्राहा २, रौतहट
५०. सहन राय यादव, टेंग्राहा १, रौतहट
५१. हरिन्द्र यादव, जयनगर ९, रौतहट
५२. वैद्यनाथ साह, मठिया ७, रौतहट
५३. ललि साह तेली, औरही १, रौतहट
५४. शंकर साह बनिया, औरही १, रौतहट
५५. वीरेन्द्र पाण्डे, गंगापिप्रा, रौतहट
५६. जोद्धा साह, गौर नपा, रौतहट
५७. शंकर राय यादव, लक्ष्मीपुर, रौतहट
५८. वेराहीम अन्सारी, जयनगर, रौतहट
५९. श्री नारायण झा, बसतपुर, रौतहट
६०. रामबाबु प्रसाद यादव, कचारवा १, बारा
६१. जियालाल प्रसाद यादव, इनर्वामाल कोइलीडीह, बारा
६२. शिउनाथ पट्टेल, मझौलिया, भिटकैया, बारा
६३. मदन साह, गौर नपा १२, रौतहट
६४. अरविन्द सिंह, हजमिनिया १, रौतहट
६५. पवन सिंह, हजमिनिया ८, रौतहट
६६. भुपेन्द्र महतो, भसेढवा, रौतहट

**गौर घटना जाँचबुझ आयोगको प्रतिवेदन २०६४ बाट दोषी भनी नाम उल्लेख भएका थप व्यक्तिहरू**

६७. राम सोगारत यादव, गौर ४, रौतहट
६८. पंकज भारती, गौर ४, रौतहट
६९. नरेश भारती, गौर ४, रौतहट
७०. दीपेन्द्र भारती, गौर ४, रौतहट
७१. देवी यादव, गौर ५, रौतहट
७२. लालकिशोर राउत, गौर ९, रौतहट
७३. रामदास साह, वसतपुर १, रौतहट
७४. रामेश्वर साह, वसतपुर १,रौतहट
७५. रामजी दास, वसतपुर १,रौतहट
७६. रजनिस झा, वसतपुर १,रौतहट
७७. हरिकिशोर यादव, गौर मालपोतमा लेखापढी गर्ने
७८. लालकिशोर राउत, गौर ९, रौतहट
७९. गंगा सिंह, गौर ९, रौतहट
८०. हिन्दु राय यादव, महमदपुर, रौतहट
८१. नवल यादव, महमदपुर रौतहट
८२. ब्रज यादव, महमदपुर, रौतहट
८३. संजिव झा, रौतहट
८४. रणविर महतो, रौतहट

८५. गगनदेव महतो, रौतहट
८६. सोनालाल यादव, रौतहट
८७. भुनरेस यादव, रौतहट
८८. नरेश साह तेली, रौतहट
८९. अर्जुन मल्लिक, गौर, रौतहट
९०. जगदिस मल्लिक, गौर रौतहट
९१. फेकु, गौर गडवा, रौतहट
९२. मुल्तीक, गडवा, रौतहट
९३. भद्दा ठाकुर हजाम, ब्रम्हपुरी, रौतहट
९४. रामशंकर श्रीवास्तव, ब्रम्हपुरी, रौतहट
९५. तेजा बैठा, हजमिनिया पतही, रौतहट
९६. अमर बैठा, हजमिनिया, पतही, रौतहट
९७. बिनोद चमार, हजमिनिया, पतही रौतहट
९८. मदन सिंह, वसतपुर, रौतहट
९९. शिव पासवान, गौर-११, रौतहट
१००. मसेज खाँ, गौर-१० सिसवा, रौतहट
१०१. दिपेन्द्र साह तेली, गौर-१० सिसवा रौतहट
१०२. छोटन सिंह, गंगापिप्रा, रौतहट
१०३. गगन सिंह, सिर्सिया रौतहट
१०४. अनिल सिंह, रौतहट
१०५. अमर यादव,इनरवारी-१, रौतहट
१०६. धनन्जय झा, गौर, रौतहट
१०७. वीरवासनी सहनी, बसन्तपटी-६, रौतहट
१०८. किशोरी राय यादव, इनरवारी १, रौतहट
१०९. वलरुवा अन्सारी, जयनगर, रौतहट
११०. रामचन्द्र गिरी, नरकटिया, रौतहट
१११. शंभु साह कानु गौर २, रौतहट
११२. अवधेश चनउ, टिकुलिया ६, रौतहट
११३. संजय केशरी टिकुलिया ६, रौतहट
११४. राजीनन् सिंह गौर, रौतहट
११५. रामकुमार शर्मा, महोत्तरी
११६. तेजीलाल पटेल इनरवारी ६, रौतहट
११७. गगनदेव बैठा, टेंग्राह ७, रौतहट
११८. कौशल सिंह, वसतपुर ४, रौतहट
११९. रामनिवास सिंह, हजमिनिया, रौतहट
१२०. रामअवतार साह तेली, वसतपुर, रौतहट
१२१. राजेश गुप्ता, ठेगाना नखुलेको
१२२. हरि सिंह, ठेगाना नखुलेको
१२३. शंकर मुखिया, ठेगाना नखुलेको
१२४. राजेन्द्र पटेल, ठेगाना नखुलेको
१२५. रामप्रवेश पटेल, लक्ष्मनीया ५, रौतहट
१२६. शेख जमशैद, गौर नपा १०, रौतहट
१२७. गुडु सिंह, ब्रम्हपुरी १, रौतहट
१२८. विनोद सिंह, ब्रम्हपुरी १, रौतहट
१२९. उमा राय यादव, औरइया ८, रौतहट
१३०. विक्रम सिंह, गौर नपा १३, रौतहट

१०. अत: रौतहट जिल्लाको गौर र आसपासका क्षेत्रमा मिति २०६३/१२/७ गते भएको घटनामा नेपालको तत्कालीन अन्तरीम संविधान २०६३ को धारा १२(१) बमोजिम मृतकहरूको जीवनको अधिकार सहित ऐ. संविधानको धारा १२(३) बमोजिका स्वतन्त्रताको हक, नेपालको संविधानको धारा १६ बमोजिम सम्मानपूर्वक बाँच्न पाउने हक र धारा २१ बमोजिम अपराध पीडितको हक तथा नेपाल कानून सरह लागू हुने नागरिक तथा राजनितिक अधिकार विषयक अनुबन्ध, १९६६ को धारा ६ ले प्रत्याभूत गरेका जीवन तथा पीडित परिवारको न्याय पाउने अधिकारको हालसम्म पनि उल्लंघन भईरहेको देखिँदा

नेपालको संविधानको धारा २४९ को उपधारा २ को खण्ड (क), (ख), (ग) र (ङ) तथा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १५, १६, १७ बमोजिम नेपाल सरकार समतेत सम्बद्ध पक्ष समक्ष निम्न बमोजिमको सुझाव तथा सिफारिस पठाउने ठर्हछ :

**(क) नेपाल सरकारलाई**

(१) घटना भएको १६ वर्ष बित्न लाग्दा समेत मिति २०६४/१/२८ गते दर्ता भएको भनिएको किटानी जाहेरी दरखास्त उपर कुनै कारवाही, अनुसन्धान, तहकीकात गरी अभियोजन गर्ने कार्य भएको नदेखिँदा अनुसन्धान कार्य अघि नबढाउने जिल्ला प्रहरी कार्यालय रौतहटका तत्कालीन प्रमुख/प्रहरी उपरीक्षक योगेश्वर रोमखामी र मानव अधिकारको उल्लंघन हुनबाट रोक्ने जिम्मेवारी पूरा नगर्ने तत्कालीन प्रमुख जिल्ला अधिकारी माधवप्रसाद ओझा, तत्कालीन प्रहरी उपरीक्षक रामकुमार खनाल, सशस्त्र प्रहरी नायव उपरीक्षक धर्मानन्द सापकोटा र नायव उपरीक्षक कामाख्या नारायण सिंहलाई सेवामा नै बहाल रहेको अवस्था भएमा विभागीय कारवाही गर्न र सेवा निवृत्त भएको अवस्था भएमा आगामी दिनमा राज्यको तर्फबाट कुनैपनि थप अवसर प्रदान नगर्न ।

(२) गम्भीर आपराधिक घटनाका दोषी भनी जिल्ला प्रहरी कार्यालय रौतहटमा मिति २०६४/१/२८ गते दर्ता भएका भनिएका किटानी जाहेरी दरखास्त र नेपाल सरकारबाट गठित गौर घटना जाँचबुझ आयोगको प्रतिवेदन, २०६४ मा औंल्याईएका माथि निर्णय नं. ९ मा उल्लिखित व्यक्तिहरू उपर तत्काल अनुसन्धान तहकीकात गरी दोषी देखिएका व्यक्तिहरू उपर अभियोग दर्ता गराउने कार्यगरी सो को जानकारी यस आयोगलाई गराउन र प्रत्येक तीन/तीन महिनामा आयोग समक्ष प्रगति प्रतिवेदन पठाउन ।

(३) मृतकका परिवारहरूले हालसम्म पनि नेपाल सरकारबाट कुनै पनि राहत तथा क्षतिपूर्ति प्राप्त गर्न नसकेको भन्ने बुझिँदा मृतक व्यक्तिका प्रत्येक परिवारलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ बमोजिम कम्तीमा जनही रू. ३०००००/(तीन लाख) को दरले यथाशीघ्र क्षतिपूर्ति उपलब्ध गराई तीन महिना भित्र आयोगमा जानकारी गराउन ।

(४) दीर्घकालीन रुपमा उपचार गराईरहनु पर्ने घाइतेहरूको पहिचान गरी नि:शुल्क उपचारको व्यवस्था मिलाउन र निको भएका तर आफैंले उपचार खर्च व्यहोरेका घाइतेहरूको उपचार खर्चको शोधभर्ना उपलब्ध गराउन ।

(५) यस्तो जघन्य अपराध हुँदा पनि जिल्ला स्थित राष्ट्रिय अनुसन्धान कार्यालयको भूमिका अति निष्कृय देखिएको हुँदा राष्ट्रिय अनुसन्धान कार्यालयहरूको प्रभावकारीताको मुल्याङ्कन गरी जिम्मेवारी पुरा नगर्ने तत्कालीन कार्यालय प्रमुखलाई जवाफदेही बनाउन ।

(६) यो घटना जिल्ला सुरक्षा समितिको निर्णयपछि पनि तालुक कार्यालयहरूबाट थप सुरक्षाकर्मी नपठाउने नेपाल प्रहरी र सशस्त्र प्रहरी बल बीचको समन्वयमा देखिएको कमीबाट हुन गएको देखिँदा आगामी दिनमा यस्तो कार्य नदोहोरिने सुनिश्चितता गर्न तत्कालीन प्रमुखहरूलाई स्मरण गराई दुवै निकायका प्रमुखहरूलाई आगामी दिनमा हिंसा नियन्त्रणमा

प्रभावकारी रुपमा समन्वय र सहकार्यको सुनिश्चिता गर्न र जिल्ला सुरक्षा समितिलाई थप प्रभावकारी बनाउन ।

(७) लैंगिक तथा यौनिक हिंसा विरुद्ध नेपाल सरकारले अवलम्बन गरेको शुन्य सहिष्णुता (Zero Tolerance) अनुकुल यस घटनामा महिला माथि चरम हिंसा गर्ने व्यक्ति वा समूहलाई जिम्मेवार बनाई प्रचलित कानून बमोजिम कडा कारवाही गर्न ।

(८) प्रचलित कानून बमोजिम अनिवार्य रुपमा गोप्य राखिनु पर्ने विषयहरूलाई गोप्य राखी गौर घटना जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक गर्न ।

(९) यस घटनाका पीडित तथा साक्षीहरूको सुरक्षा र संरक्षणको सुनिश्चितता गर्न ।

(१०) यस घटनाका मृतक र घाइतेहरूको स्मरण र सम्मानका लागि घटना स्थलमा स्मरणयुक्त स्मारक वा प्रतीक चिन्ह स्थापना गर्न ।

**(ख) तत्कालीन नेकपा (माओवादी) र तत्कालीन मधेशी जनअधिकार फोरमको नेतृत्वलाई**

(१) यस घटनामा तत्कालीन नेकपा (माओवादी) र तत्कालीन मधेशी जनअधिकार फोरम दुवै दलका नेतृत्वले हिंसा रोक्न कुनै पहल गरेको नदेखिँदा आगामी दिनमा मानव अधिकारको संरक्षण र सम्बर्द्धनमा गम्भीर भई यस्ता घटना नदोहोऱ्याउन तत्कालीन नेकपा (माओवादी) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', सोही पार्टीका तत्कलीन नेता एवम् मधेशी मुक्तिमोर्चाका तत्कालीन महासचिव प्रभु साह, सोही पार्टीका पूर्व जनसरकार प्रमुख विन्देश्वर यादव र तत्कालीन मधेशी जनअधिकार फोरमका अध्यक्ष उपेन्द्र यादव समेतलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ५(१) बमोजिम ध्यानाकर्षण गराउने ।

(२) आगामी दिनमा यस्ता क्रुर र अमानवीय घटना हुन नदिने सार्वजनिक प्रतिबद्धता व्यक्त गर्दै यस घटनामा दोषी भएका भनी जिल्ला प्रहरी कार्यालय रौतहटमा दर्ता भएका जाहेरी दरखास्तमा नाम उल्लेख भएका व्यक्तिहरू र नेपाल सरकारले गठन गरेको गौर घटना जाँचबुझ आयोगको प्रतिवेदन, २०६४ ले निर्देश गरेका व्यक्तिहरू उपर अनुसन्धान र अभियोजन गर्ने कार्यमा संलग्न नेपाल प्रहरी तथा सरकारी वकीललाई पूर्ण सहयोग गरी अपराधमा हुँदै आएको राजनितिकरणको अन्त्य गर्न ।

**(ग) सबै राजनितिक दलहरूलाई**

(१) आफ्नो दलको अधिकारको प्रयोग गर्दा अर्को दलको अधिकारको सम्मान गर्न ।

(२) आफ्ना कार्यकर्ताहरूलाई हिंसात्मक र उत्तेजनात्मक कार्यमा अभिप्रेरित हुने कुनैपनि कार्य र व्यवहार कुनै पनि बाहना र चाहनामा नगर्न, नगराउन ।

(३) समय समयमा देखिने राजनितिमा अपराधिकरण र अपराधमा राजनितिकरणको अवस्था अन्त्य गर्नको लागि आपराधिक कार्यमा संलग्न आफ्ना कार्यकर्ताको संरक्षण गर्ने कार्यको अन्त्य गरी कानूनी कारवाहीको लागि राज्यका निकायहरूलाई सहयोग गर्न ।